# दूधपोखरी गाउँपालिका
# DOODHPOKHARI RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
गौंडा, लमजुङ (Gaunda, Lamjung)
गण्डकी प्रदेश, नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)

पत्र संख्या Ref. No. :- ०८३।८०
चलानी नं. Dispatch No. :- ८२१

Email : info@dudhpokharimun.gov.np
Website : dudhpokharimun.gov.np


मितिः-२०८०/०३/०६

श्री वडा कार्यालय सबै ।

**बिषय :- सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा सामाजिक सुरक्षा नियमावलि, २०७६ को नियम (९) को उपनियम (१) वमोजिम नविकरण छुट भएका लाभग्राहीहरुको परिचयपत्र नविकरण र सामाजिक सुरक्षा भत्ता निकासाका लागि विभिन्न स्थानिय तहबाट विभागमा अनुरोध हुदै आएको र सो सम्बन्धमा देहाय अनुसार गर्न गराउन हुन भनि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च नं. १६० मिति २०८०/०३/०३ को पत्र बाट लेखी आएको ले सो अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

देहाय:

१. सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९/०६/१० मा भएको दोस्रो शंसोधन अनुसार नियम (९) को उपनियम (१) को "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक बर्षको कात्तिक मसान्त भित्र नविकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने साविकको व्यवस्थामा संशोधन भई भदौ मसान्तसम्म निवेदन दिनुपर्ने प्रावधान रहेको र आगामी आर्थिक बर्ष २०८०/८१ देखि लागु हुने व्यहोरा विदतै होला । नियमावलिको सो व्यवस्था सम्वन्धित वडा कार्यलय मार्फत सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी गराई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नु गराउन हुन ।

२. सामाजिक सुरक्षा भत्ता विवरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहिमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउन हुन अनुरोध छ ।

२०८०।३।६

परशुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत